“तिमीले मसित एउटा गंभीर प्रश्न सोध्यौ र यो उसको लागि मात्र सहज हुन्छ, जसका लागि अल्लाह सजिलो बनाइ दिनु हुन्छ ।

मुआज बिन जबल (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, एउटा यात्रामा म अल्लाहका नबी (सल्लल्लाहु अलैहि व सल्लम) को साथमा थिएँ । हिँड्दा हिँड्दा एक दिन म उहाँको नजिक भएँ, अनि मैले भनेँ : हे अल्लाहका रसूल ! मलाई जन्नतमा प्रवेश गर्ने र जहन्नमदेखि टाढा राख्ने कर्म बताइ दिनु होस् । उहाँले भन्नुभयो : “तिमीले मसित एउटा गंभीर प्रश्न सोध्यौ र यो उसको लागि मात्र सहज हुन्छ, जसका लागि अल्लाह सजिलो बनाइ दिनु हुन्छ । अल्लाहको उपासना गर र उहाँका साथमा कसैलाई साझी न बनाऊ । नमाज़ कायम गर । जकात देऊ, रमजानको महिनाका रोजा ( ब्रत) बस र अल्लाहको घरको हज गर।" फेरि उहाँले भन्नुभयो : "के म तिमीलाई भलाई (कल्याण) का ढोकाहरूको बारेमा न बताऊँ ? रोज़ा ढाल हो र दानले पापहरू निभाइ दिन्छ, जसरी पानीले आगोलाई निभाउछ र मान्छेको रातिमा पढेको नमाज ।" तत्पश्चात् उहाँले यो आयत पढ्नु भयो : "तिनीहरू आफ्नो ओछ्यानबाट अलग्गै रहन्छन्। तिनीहरू आफ्ना रबलाई भय एवं आशाका साथ पुकार्ने गर्छन् र हामीले प्रदान गरेका चिजहरूबाट खर्च गर्ने गर्छन् र, कसैलाई उनीहरूले गर्ने गरेको कर्मको प्रतिदानस्वरूप उनीहरूका लागि कस्तो नेत्र–शीतलता गोप्य राखिएको छ भन्ने कुरा थाहा छैन ।" फिरि उहाँले भन्नुभयो : " के म तिमीलाई दीन (इस्लाम) को आधार र उसको स्तम्भ र उसको शिर न बताइ दिऊँ ? मैंले भनेँ : अवश्य, बताइ दिनु होस् हे अल्लाहका रसूल ! उहाँले भन्नुभयो : दीनको आधार इस्लाम हो, यसका स्तम्भ नमाज हो र यसको शिर जिहाद हो।" त्यसपछि उहाँले भन्नुभयो : "के म तिमीलाई यसको सार न बताऊँ ?" मैँले भनेँ : अवश्य, बताइ दिनु होस् हे अल्लाहका रसूल ! उहाँले आफ्नो जिब्रो समातेर भन्नुभयो: "यसलाई थामेर राख"
मैले भनेँ : हे अल्लाहका नबी ! के हामीले जो बोलेका हुन्छौँ, त्यसमा पनि हाम्रो पकड़ होला ? उहाँले भन्नुभयो : "मुआज! तिम्रो आमाले तिमीलाई हराओस् ! (वा तिम्रो आमालाई तिमीमाथि रुन परोस्) मान्छेहरूलाई उनीहरूको मुख घोप्ट्याएर वा उनीहरूको नाक
घोप्ट्यार आगोमा फाल्ने उनीहरूको जिब्रोका कारणले नै त हो । [सम्पूर्ण तुरुक (सिलसिला) ले गर्दा सही हो] [तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

मुआज (रजियल्लाहु अन्हु) ले भन्नुभयो: एक यात्रामा म नबी (सल्लल्लाहु अलैहि व सल्लम) को साथमा थिएँ र एक दिन म उहाँसँग नजिक भएँ जब हामी हिँडि रहेका थियौं । अत: मैले भनेँ: हे अल्लाहका रसूल ! मलाई जन्नत (स्वर्ग) लैजाने र नरकबाट टाढा राख्ने कुरा बताइ दिनुहोस् । उहाँले भन्नुभयो : तिमीले मसित एउटा महान् कामका बारेमा सोध्यौ जो मनको लागि भारी हुन्छ । तर अल्लाहले साथ दिनु भयो भने सजिलो पनि हुन्छ । इस्लामका फराइज (अनिवार्य कर्म) हरू पुरा गर । अल्लाहको उपासना गर र उहाँका साथमा कसैलाई साझी न बनाऊ । दोस्रो : तिमीले दिन रातमा अनिवार्य गरिएका नमाज़ कायम गर । फजर, जोहर, असर, मग्रिब र इशा तिनका शर्त र आधार एवं वाजिबहरूका साथ।" तेस्रो: तिमीले अनिवार्य जकात निकाल, जुन इस्लामिक कानूनमा निश्चित मात्रामा पुग्ने सबै सम्पत्तिमा अनिवार्य हुन्छ र यो यसको हकदारहरूलाई दिइन्छ। चौथो: रमजानको रोजा राख, रोजा भनेको उपासनाको मनसायले खानु पिउनु र यस बाहेक रोजा तोड्ने अन्य चीजहरूबाट बिहान सूर्योदय देखि सूर्यास्तसम्म रोकिनु हो । पाँचौं: तपाईंले अल्लाहको उपासनाका लागि अल्लाहको घर मक्का जानु र हजका अर्कान ( गर्नु पर्ने अनिवार्य कामहरू)

http://www.sunnah.global/hadeeth/ne/show/4303